मा. मन्त्रीस्तरको मिति २०८१/०७/२३ को निर्णयबाट स्वीकृत

# नेपाल सरकारबाट प्राप्त हुने छात्रवृत्ति चिकित्सक तथा स्वास्थ्यकर्मीको पदस्थापना र सरुवा सम्बन्धी मापदण्ड, २०८१

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार

## स्वास्थ्य मन्त्रालय

पोखरा, कास्की, नेपाल

# नेपाल सरकारबाट प्राप्त हुने छात्रवृत्ति चिकित्सक तथा स्वास्थ्यकर्मीको पदस्थापना र सरुवा सम्बन्धी मापदण्ड, २०८१

मा. मन्त्रीस्तरको मिति २०८१/०७/२३ को निर्णयबाट स्वीकृत

नेपाल सरकारबाट छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन निर्देशिका, २०७१, छात्रवृत्ति प्राप्त विशेषज्ञ चिकित्सक परिचालन कार्यविधि, २०७२ एवं अन्य प्रचलित कानून बमोजिम स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/स्वास्थ्य सेवा विभागबाट छात्रवृत्ति करारको सम्बन्धित पदमा नियुक्त भई गण्डकी प्रदेशका लागि खटिई आउने छात्रवृत्ति चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई गण्डकी प्रदेश भित्रका स्वास्थ्य संस्थाहरुमा पदस्थापना र सरुवा गर्ने प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयले यो मापदण्ड बनाएको छ।

## परिच्छेद — १

## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "नेपाल सरकारबाट प्राप्त हुने छात्रवृत्ति चिकित्सक तथा स्वास्थ्यकर्मीको पदस्थापना र सरुवा सम्बन्धी मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२) **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा:

(क) "विशेषज्ञ चिकित्सक" भन्नाले छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ बमोजिम नेपाल सरकारसँग कबुलियत गरी एलोपेथिक, आयुर्वेद तथा होमियोपेथिक चिकित्सा सम्बन्धी विषयमा स्नातकोत्तर अध्ययन गरी नेपाल सरकारले कामकाजमा गण्डकी प्रदेशमा खटाएको चिकित्सक सम्झनुपर्छ।

(ख) "चिकित्सक" भन्नाले छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ बमोजिम नेपाल सरकारसँग कबुलियत गरी एलोपेथिक, आयुर्वेद तथा होमियोपेथिक चिकित्सा सम्बन्धी विषयमा

स्नातक अध्ययन गरी नेपाल सरकारले कामकाजमा गण्डकी प्रदेशमा खटाएको मेडिकल अधिकृत, डेन्टल सर्जन, आयुर्वेद चिकित्सक, होमियोपेथिक चिकित्सक सम्झनुपर्छ।

(ग) “स्वास्थ्यकर्मी” भन्नाले छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ बमोजिम नेपाल सरकारसँग कबुलियत गरी स्वास्थ्यसँग सम्बन्धित विषयमा स्नातक/स्नातकोत्तर अध्ययन गरी नेपाल सरकारले कामकाजका लागि गण्डकी प्रदेशमा खटाएको विशेषज्ञ चिकित्सक र चिकित्सक बाहेक व्यक्ति सम्झनुपर्छ।

(घ) “स्वास्थ्य संस्था” भन्नाले गण्डकी प्रदेश सरकार, स्वास्थ्य क्षेत्र हेर्ने सम्बन्धित मन्त्रालय मातहतका प्रादेशिक निकाय, अस्पताल, स्वास्थ्य कार्यालय र आयुर्वेद स्वास्थ्य केन्द्र/औषधालय र स्थानीय तहबाट सञ्चालित सोही प्रकृतिका कार्यालयलाई सम्झनुपर्दछ।

(ङ) “मन्त्रालय” भन्नाले गण्डकी प्रदेश सरकारको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय सम्झनुपर्दछ।

(च) “सचिव” भन्नाले गण्डकी प्रदेश सरकारको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालयको प्रदेश सचिव सम्झनुपर्दछ।

(छ) “स्थानीय तह” भन्नाले गण्डकी प्रदेशस्थित गाउँपालिका/नगरपालिका/उप महानगरपालिका/महानगरपालिकालाई सम्झनुपर्दछ।

## परिच्छेद — २

## पदस्थापन र सरूवा व्यवस्थापन

३) <u>पदस्थापना सम्बन्धी व्यवस्था</u>: (१) नेपाल सरकारबाट छात्रवृत्ति करारमा नियुक्त भई गण्डकी प्रदेशमा खटिई आउने चिकित्सक तथा स्वास्थ्यकर्मीले प्राथमिकता सहित आफु

खटिन चाहेका कम्तिमा तीन वटा स्वास्थ्य संस्थाहरू उल्लेख गरी अनुसूची-१ बमोजिमको ढाँचामा मन्त्रालयमा निवेदन पेश गर्नुपर्नेछ।

(२) मन्त्रालयको सचिवले देहायको आधारमा चिकित्सक तथा स्वास्थ्यकर्मीलाई सुरु पदस्थापन गर्नेछ।

(क) स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको अवस्था

(ख) सेवाग्राहीको चाप

(ग) चिकित्सक एवं स्वास्थ्यकर्मीको स्थायी ठेगाना

(३) सुरुको पदस्थापना कास्की जिल्ला स्थित निकायहरुमा गरिने छैन। तर स्वास्थ्य संस्थाको सेवा अवरुद्ध हुने एवं विशेष जिम्मेवारी दिनुपर्ने अवस्था भएमा कास्की जिल्ला स्थित स्वास्थ्य संस्थामा पदस्थापना गर्न बाधा पर्ने छैन। यसरी पदस्थापना भएका कर्मचारीले दोश्रो वर्ष कास्की बाहिर खटाइएको स्वास्थ्य संस्थामा काम गर्न मञ्जुर रहेको भनी अनुसूची-२ बमोजिमको मञ्जुरीनामामा हस्ताक्षर गर्नुपर्नेछ।

(४) एउटै स्वास्थ्य संस्थामा एकै विषयसँग सम्बन्धित स्नातकोत्तर उत्तीर्ण जनशक्ति बढिमा २ जना मात्र खटाउन सकिनेछ।

(५) सर्जरी लगायतको शल्य विषयको विशेषज्ञ चिकित्सक खटाउँदा एनेस्थेसियासम्बन्धी जनशक्ति कार्यरत रहेको अस्पतालमा खटाइनेछ।

४) <u>**सरुवा सम्बन्धी व्यवस्था**</u>: :(१) कर्मचारीहरुलाई सरुवा गर्दा देहायको आधार लिइनेछ।

(क) पदस्थापना भएको निकायमा एक वर्ष सेवा अवधि पुगिसकेको

(ख) भौगोलिक क्षेत्र क र ख मा सेवा गरिसकेकाहरुलाई भौगोलिक क्षेत्र ग र घ मा

(ग) चिकित्सक एवं स्वास्थ्यकर्मीको स्थायी ठेगाना

(घ) कास्की जिल्लामा सुरु पदस्थापना भएकाहरुलाई एक वर्षपछि अनिवार्य रुपमा कास्की जिल्ला बाहिरको स्वास्थ्य संस्थामा

(२) माथि जेसुकै लेखिएको भएता पनि स्वास्थ्य संस्थाको सेवा अवरुद्ध हुने एवं विशेष जिम्मेवारी दिनुपर्ने अवस्था भएमा कास्की जिल्ला स्थित स्वास्थ्य संस्थामा निरन्तरता दिन बाधा पर्ने छैन।

(३) कार्यरत स्वास्थ्य संस्थामा इमान्दारीपूर्वक तोकिएको जिम्मेवारी पुरा नगरेमा वा स्वास्थ्य संस्थालाई हानी पुग्ने कार्य गरेमा जुनसुकै समयमा पनि सरुवा गर्न बाधा पर्नेछैन।

५) <u>स्थानीय तहमा पदस्थापन एवं सरुवा सम्बन्धी व्यवस्था</u>ः स्थानीय तहमा चिकित्सक एवं स्वास्थ्यकर्मीको पदस्थापना एवं सरुवा गर्दा देहायको आधार लिइनेछ।

(क) स्थानीय तहको माग, सेवाग्राहीको चाप, स्वास्थ्य क्षेत्रमा गरेको लगानी, औजार उपकरण एवं पूर्वधारको उपलब्धता र तलब भुक्तानीको सुनिश्चितता।

(ख) कन्सल्टेन्ट चिकित्सकहरुलाई स्थानीय तह मातहतका अस्पतालहरुमा खटाइने छैन।

(ग) मेडिकल अधिकृतलाई पहिलो वर्ष स्थानीय तहमा कामकाजमा खटाइएमा दोश्रो वर्ष स्थानीय तहको सहमतिमा प्रदेश सरकार मातहतका अस्पतालहरुमा कामकाजमा खटाइनेछ।

(घ) जनस्वास्थ्य अधिकृतहरुलाई स्थानीय तहमा कामकाजमा खटाउन प्राथमिकता दिइनेछ।

## परिच्छेद — ३

## विविध

६) <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस मापदण्डमा लेखिए बाहेक अन्य व्यवस्था नेपाल सरकारबाट छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन निर्देशिका, २०७१, छात्रवृत्ति प्राप्त विशेषज्ञ चिकित्सक परिचालन कार्यविधि, २०७२ एवं अन्य प्रचलित कानून बमोजिम हुनेछ।

७) <u>विद्युतीय प्रणाली (सफ्टवेयर) लागू गर्न सक्ने</u>: यस मापदण्ड बमोजिम छात्रवृत्ति करारमा खटिएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको पदस्थापन, सरूवा लगायतको अभिलेखलाई व्यवस्थित गर्न मन्त्रालयले विद्युतीय प्रणाली (सफ्टवेयर) को विकास गरी लागू गर्न सक्नेछ।

८) <u>बाधा अड्काउ फुकाउने अधिकार</u>: यस मापदण्डको कार्यान्वयनमा कुनै द्विविधा भएमा मन्त्रालयले यसको बाधा अड्काउ फुकाउन सक्नेछ।

९) <u>संशोधन</u>: मन्त्रालयले यस मापदण्डमा आवश्यक संशोधन र परिमार्जन गर्न सक्नेछ।

## अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

श्रीमान् सचिवज्यू, मितिः

स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।

विषयः छात्रवृत्ति करारमा पदस्थापन गरी पाउँ।

नेपाल सरकारबाट छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन निर्देशिका, २०७१/छात्रवृत्ति प्राप्त विशेषज्ञ चिकित्सक परिचालन कार्यविधि, २०७२ बमोजिम नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/स्वास्थ्य सेवा विभागको मिति ...................... को निर्णयानुसार च.नं. ........, मिति .................. को नियुक्ति पत्र बमोजिम म गण्डकी प्रदेशमा कामकाजका लागि खटिएको हुँदा गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयबाट जारी भएको “नेपाल सरकारबाट प्राप्त हुने छात्रवृत्ति चिकित्सक तथा स्वास्थ्यकर्मीको पदस्थापना र सरुवा सम्बन्धी मापदण्ड, २०८१” बमोजिम पदस्थापना गरिपाउँ भनी यो निवेदन पेश गरेको छु। पदस्थापनका लागि मैले देहायका ३ वटा स्वास्थ्य संस्थाहरू प्राथमिकतामा राखेको छु।

**देहायः**

पदस्थापनका लागि प्राथमिकतामा रहेका स्वास्थ्य संस्थाहरूः

१. ...............................................

२. ...............................................

३. ...............................................

**निवेदकः**

दस्तखतः

नाम, थरः

पद/तहः

स्थायी ठेगानाः

शैक्षिक योग्यताः

विशेषज्ञताको विषयः

सम्बन्धित काउन्सिलको नाम र दर्ता नम्बरः

सम्पर्क नं.:

इमेल ठेगानाः

## अनुसूची-२

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

नेपाल सरकारबाट छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन निर्देशिका, २०७१, छात्रवृत्ति प्राप्त विशेषज्ञ चिकित्सक परिचालन कार्यविधि, २०७२ बमोजिम नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/स्वास्थ्य सेवा विभागको मिति ........................ को नियुक्ति पत्र बमोजिम गण्डकी प्रदेशमा कामकाजमा खटिएको म (नाम, थर) .............................................. गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयबाट जारी भएको नेपाल सरकारबाट प्राप्त हुने छात्रवृत्ति चिकित्सक तथा स्वास्थ्यकर्मीको पदस्थापना र सरुवा सम्बन्धी मापदण्ड, २०८१ को ३ को उपदफा (२) बमोजिम कास्की जिल्लास्थित .................................. मा मिति .................... मा सुरु पदस्थापना भएको हुदाँ ऐ. मापदण्डको दफा (३) उपदफा (३) बमोजिम दोश्रो बर्ष कास्की जिल्ला बाहिर खटाइएको स्वास्थ्य संस्थामा काम गर्न मञ्जुर छु भनी यो मञ्जुरीनामा गरिदिएको छु।

| **मञ्जुरीनामा गर्नेको:** | **मञ्जुरीनामा गराउने महाशाखा प्रमुखको:** |
|---|---|
| दस्तखत:<br>सही छाप<br>(दायाँ बायाँ):<br>नाम, थर:<br>पद:<br>तह:<br>स्थायी ठेगाना:<br>अस्थायी ठेगाना:<br>नेपाली नागरिकता प्रमाणपत्र नम्बर र जारी भएको जिल्ला:<br>शैक्षिक योग्यता:<br>विशेषज्ञताको मूल विषय:<br>सम्बन्धित काउन्सिलको नाम र दर्ता नम्बर:<br><br>सम्पर्क नं.:<br>इमेल ठेगाना: | दस्तखत:<br>नाम, थर:<br>पद:<br>तह: |